सहयोगका लागि सम्पर्क:

**वैदेशिक रोजगार विभाग**
तीनकुने, काठमाडौं
फोन: +९७७-१-४११२३५० (हटलाइन), ४४६२९९
फ्याक्स: +९७७-१-४११२४७३
इमेल: info@dofe.gov.np
www.dofe.gov.np

**वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड**
अनामनगर, काठमाडौं
टोल फ्रि नं. १६६००१-५०००५
फोन: +९७७-१-४१०२६०७, ४१०२७११
इमेल: info@fepb.gov.np
www.fepb.gov.np

**Embassy of Nepal, Malaysia**
Suite 13A.01, 13th A Floor,
Wisma MCA,
163 Jalan Ampang,
50450 Kuala Lumpur, Malaysia
Tel: +60-3-2164 5934, 2164 9653
Fax: +60-3-2164 8659
email: info@nepalembassy.com.my
www.nepalembassy.com.my


## टिपोट


**Centre for the Study of Labour and Mobility**
Social Science Baha, 110 Ramchandra Marg, Battisputali, Kathmandu – 9, Nepal
Tel: +977-1-4472807 • Fax: +977-1-4461669
email: info@ceslam.org • www.ceslam.org



*यो जानकारी पत्रको समीक्षा गरेर सहयोग पुऱ्याउनु भएकोमा हामी वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, अनामनगर, काठमाडौं, तथा सोम लुइँटेल, अध्यक्ष, मानव अधिकारका लागि जनमञ्च (पिपुल फोरम) प्रति कृतज्ञ छौं ।*


# वैदेशिक रोजगारीका लागि जानकारी पत्र
# मलेसिया

## १. जानका लागि चाहिने योग्यता

क. वैदेशिक रोजगारीमा जानका लागि १८ वर्ष उमेर पुगेको हुनुपर्छ ।
ख. वैदेशिक रोजगारका लागि मान्यता पाएको म्यानपावर कम्पनीमा निवेदन दिनुपर्छ ।
ग. व्यक्तिगत सम्पर्कबाट पनि मलेसियामा काम गर्न जान सकिन्छ ।

## २. लाग्ने खर्च

क. मलेसियामा रोजगारी पाउनका लागि म्यानपावर कम्पनीलाई बढीमा रु. ८०,००० तिर्नुपर्छ ।
- यसमा भिसा शुल्क र हवाई टिकट पनि समेटिएको हुन्छ ।
- कम्पनीले फ्रि भिसा र हवाई टिकट दिएमा लाग्ने खर्च यसभन्दा कम हुन्छ ।

ख. अभिमुखीकरण तालिम लिन रु. ७०० खर्च लाग्छ ।
- महिला कामदारले त्यो रकम तिरेको रसिद लिएर गएमा वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, अनामनगर, काठमाडौंले रु. ७०० फिर्ता दिन्छ ।

ग. सबै कामदारले वैदेशिक रोजगार कल्याणकारी कोषमा रु. १००० तिर्नुपर्छ ।

## ३. विदेश जानका लागि प्रक्रिया र चाहिने कागजपत्र

क. सबै कामदारले दुईदिने अभिमुखीकरण तालिम लिनुपर्छ ।
ख. मलेसियाको रोजगारदाता कम्पनीले मागे अनुसारको सीप विकास तालिम लिनुपर्छ ।
ग. सरकारद्वारा मान्यताप्राप्त मेडिकल संस्थाबाट स्वास्थ्य जाँच गराउनुपर्छ ।
घ. विदेशमा काम गर्न जानेले जीवन बिमा गर्नुपर्छ ।
ङ. सबै कामदारले वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिनुपर्छ । स्वीकृति लिन चाहिने कागजपत्रहरू:
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्र
- मेडिकल रिपोर्ट
- बिमा कागज
- वैदेशिक रोजगार कल्याणकारी कोषमा रु. १००० तिरेको रसिद
- कामदार र कम्पनीबीचको कन्ट्र्याक्ट
- म्यानपावरमार्फत जाने भए:
  - ◇ कामदार र कम्पनीबीचको कन्ट्र्याक्ट
  - ◇ म्यानपावरलाई पैसा बुझाएको रसिद

## ४. करार (एग्रिमेन्ट/कन्ट्र्याक्ट)

क. कामदारले मलेसियाका कम्पनीसँग र म्यानपावरमार्फत जाने भए नेपालको म्यानपावरसँग कन्ट्र्याक्ट गर्नुपर्छ ।
ख. कन्ट्र्याक्टमा दुवै पक्षले पालना गर्नुपर्ने सर्त र कामको प्रकृति तथा तलब सुविधा जस्ता कुराहरू उल्लेख हुनुपर्छ ।
ग. कन्ट्र्याक्ट नेपालीमा पनि हुर्नुपर्छ ।
घ. मलेसियाको पेनिन्सुलर क्षेत्रमा काम गर्ने नेपाली कामदारको न्यूनतम

तलब ९०० रिंगिट (लगभग रु २५,४००) छ ।

ङ. त्यस्तै मलेसियाको सावाह, सारवाक र लाबुवान संघीय क्षेत्रमा काम गर्नेको तलब ८०० रिंगिट (लगभग रु. २२,६००) छ ।

च. कामदारले हप्ताको एक दिन बिदा पाउनुपर्छ ।

छ. काम गर्ने समय दिनको ८ घण्टा र हप्ताको ४८ घण्टाभन्दा बढी हुनुहुँदैन ।

ज. ओभरटाइम (ओ.टी.) काम गरेको थप ज्याला पाउनुपर्छ ।

## ५. प्रस्थान

क. म्यानपावरले छानेका कामदारलाई भनेको समयमा वा समय नभनेको भए तीन महिनाभित्र विदेश पठाउनुपर्छ ।

ख. कामदारहरू काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय एयरपोर्टबाट उड्नुपर्छ ।

ग. हवाई टिकट नपाएर अरू देशको एयरपोर्टबाट उड्नुपरेमा वैदेशिक रोजगार विभागबाट स्वीकृति लिनुपर्छ र अध्यागमन (इमिग्रेसन) कार्यालयमा आफ्नो विवरण टिपाउनुपर्छ ।

घ. अध्यागमन (इमिग्रेसन) कार्यालय एयरपोर्ट र नेपालका मुख्य नाकाहरुमा छन् ।

## ६. मलेसियामा रहँदा

क. मलेसियाको रोजगार ऐन, कामदार क्षतिपूर्ति ऐन र औद्योगिक सम्बन्ध ऐन जस्ता कानुनले कामदारलाई अधिकार दिएका छन् ।

ख. मलेसियामा रोजगारदाताले अनुचित किसिमले कामबाट निकाल्न वा लकआउट गर्न पाउँदैन ।

ग. खाना अथवा बस्नका लागि कामदारको तलब घटाउन पाइँदैन ।

घ. मलेसियामा कामदारले आफूखुसी रोजगारदाता फेर्न पाउँदैनन् ।

ङ. कामदारहरूले मान्यता पाएको मजदुर संगठनका गतिविधिमा भाग लिन पाउँछन् तर हड्ताल वा धर्ना गर्न पाउँदैनन् ।

च. कामदारले मलेसियामा कमाएको पैसा नेपाल पठाउन पाउँछन् ।

छ. कन्ट्र्याक्ट सकिएपछि कामदार मलेसिया छाडेर नेपाल फर्कनुपर्छ ।

## ७. समस्यामा परेमा

***मलेसियामा***

क. कामदारले मलेसियाको श्रम विभागमा उजुरी दिन सक्छन् ।

ख. कामदार र रोजगारदाताबीचको ज्याला र अन्य पैसा सम्बन्धी विवाद श्रम विभागका महानिर्देशकले छानबिन गरी फैसला गर्छ ।

ग. खाना अथवा बसोबासका लागि भनेर ज्याला कटाइएमा यसो गरेको तीन महिनाभित्र उजुरी दिनुपर्छ ।

घ. रोजगारदाताले कामदारलाई अनुचित किसिमले कामबाट निकालेमा ६० दिनभित्र औद्योगिक सम्बन्धका महानिर्देशककहाँ उजुरी दिनुपर्छ । विवाद नसुल्झेमा उजुरी औद्योगिक अदालतसम्म पुग्न सक्छ ।

ङ. काम गर्ने ठाउँमा अथवा काम गर्ने ठाउँसम्म आवतजावत गर्ने क्रममा मृत्यु अथवा घाइते भएमा क्षतिपूर्ति (हरजाना) का लागि मलेसियाको श्रम विभागमा उजुरी दिन सकिन्छ ।

च. कुनै समस्या आएमा नेपाली कामदारले क्वालालम्पुरमा रहेको नेपाली दूतावास (एम्बेसी) सँग सहयोग माग्न सक्छन् ।

छ. कामदारको अधिकार उल्लङ्घन भएमा मलेसियन बार एसोसिएसनको माइग्रेसन डेस्कको सहयोग लिन सकिन्छ ।

***नेपालमा***

क. वैदेशिक रोजगार विभागमा वैदेशिक रोजगारसँग सम्बन्धित कुनै पनि कसुरको उजुरी दिन पाइन्छ । जस्तैः

- मान्यता नलिई म्यानपावर खोलेमा,
- विदेश पठाइदिन्छु भनी पैसा लिई विदेश नपठाएमा,
- कन्ट्र्याक्टमा भनेभन्दा फरक काम भएमा वा तलब र सुविधा कन्ट्र्याक्टमा भनेभन्दा कम भई फिर्ता आउनुपरेमा ।

ख. क्षतिपूर्ति (हरजाना) सँग सम्बन्धित मुद्दा वैदेशिक रोजगार विभागले समाधान गर्छ ।

ग. विभागमा नसुल्झिएका र आपराधिक मुद्दाहरू वैदेशिक रोजगार न्यायाधीकरणमा लगिन्छ ।

- न्यायाधीकरणले दुवै पक्षका साक्षी प्रमाण बुझी फैसला गर्दछ ।

घ. विभागले पठाएका मुद्दामा न्यायाधीकरणले कामदारका तर्फबाट सित्तैमा मुद्दा लडिदिन्छ ।

ङ. केही गैरसरकारी संस्थाहरूले (एनजीओ) पनि आप्रवासी कामदारलाई सित्तैमा कानुनी सेवा दिन्छन् ।

च. मलेसियामा मृत्यु भई अलपत्र परेको लाश नेपाल ल्याउन कामदारका आफन्तले वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा निवेदन दिन सक्छन् ।

छ. त्यस्ता कामदारले पाउने बाँकी तलब र अन्य पैसा मलेसियामा रहेको नेपाली एम्बेसीमा कम्पनीले जम्मा गर्नुपर्छ ।

- कामदारले पाउनुपर्ने सबै पैसा लाशसँग आफन्तलाई पठाउन यसो गरिएको हो ।

ज. मलेसियामा मृत्यु भएका कामदारका नजिकका हकवालाले वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा रु. १५०,००० को क्षतिपूर्ति (हरजाना) दाबी गर्न सक्छन् ।

झ. मलेसियामा काम गर्दा अङ्गभङ्ग भएमा कामदारले प्रवर्द्धन बोर्डमा रु. १५०,००० सम्मको क्षतिपूर्ति (हरजाना) दाबी गर्न सक्छन् ।

ञ. कन्ट्र्याक्ट अवधिमा कामदारको मृत्यु भएमा वा अङ्गभङ्ग भएमा नेपालको बिमा कम्पनीमा रु. ५००,००० सम्मको बिमा दाबी गर्न सक्छन् ।

यो जानकारी पत्र सेन्टर फर द स्टडी अफ् लेबर एन्ड मोबिलिटीका लागि **अमृता लिम्बू**ले तयार गरेकी हुन् ।

स्रोत: नेपालको वैदेशिक रोजगार ऐन २००७, वैदेशिक रोजगार नियमावली २००८, वैदेशिक रोजगार (पहिलो संशोधन) नियमावली २०११; मलेसियाको रोजगार ऐन १९५५, कामदार क्षतिपूर्ति ऐन १९५२, औद्योगिक सम्बन्ध ऐन १९६७; ज्याला पुनरावलोकन सम्बन्धी सूचना (मलेसियामा रहेको नेपाली दूतावासद्वारा ३१ डिसेम्बर २०१२ मा जारी), र वैदेशिक रोजगारी सम्बन्धी खर्च (वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको वेबसाइटमा राखेको जानकारी) ।